# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

त्रिपुरासुन्दरी गाउँपालिका

सिन्धुपाल्चोक

# स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सुचनाको हकको व्यवस्था बमोजिम सुचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सुचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानुनी व्यवस्था छ ।

प्रकाशन गर्ने सार्वजनिक निकाय : त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक

# विषय सूची


१. गाउँपालिकाको स्वरुप र प्रकृति

२. गाउँपालिकाको काम, कर्तव्य र अधिकार

३. गाउँपालिका र वडाहरुमा कार्यरत कर्मचारीहरुको विवरण

४. गाउँपालिकामा रहने विषयगत शाखाहरुको विवरण

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

६. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

८. सम्पादन गरेको कामको विवरण

९. सूचना अधिकारी र प्रमुखको नाम र पद

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

११. चालु आ.व.मा यस गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रम/आयोजना सँग सम्बन्धित गतिविधि

१२. सार्वजनिक निकायको **Website**

१३. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१४. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरको सूचनाको नामावली

१६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय


१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हनु भए सोको विवरण

## १. गाउँपालिकाको स्वरुप र प्रकृति

राष्ट्रिय हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदान स्वरूप एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद, शोषण र उत्पीडनको अन्त्य गर्न संघीय शासन प्रणाली लागू गर्दै नेपाल राज्यलाई संघ, प्रदेश र स्थानीय तहमा विभत्त गरी स्वशासन र सहशासनका आधारमा संघीयताको कार्यान्वयन गर्ने व्यवस्था संविधानतः स्पष्ट रूपमा किटान गरिएको छ । शासन सञ्चालन, विकास निर्माण र सेवाप्रवाहमा सार्वभौम जनताको आधिकाधिक संलग्नता अभिवृद्धि गर्ने अभिप्रायका साथ संविधान सभाबाट संविधान निर्माण गरी संघीय शासन प्रणाली लागू गरिएको छ ।

### त्रिपुरासुन्दरी गाउँपालिकाको संक्षित्त चिनारी

यस गाउँपालिका नेपालको वागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लामा ८५ डिग्री ८६ मिनेट पूर्वी देशान्तर देखि ८६ डिग्री ०३ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ७९ मिनेट उत्तरी अक्षांश देखि २७ डिग्री ७० मिनेट उत्तरी अक्षांशमा अवस्थित छ । यो गाउँपालिका काठमाडौंबाट ८३.६ कि.मी. उत्तर पूर्व, चौताराबाट ५० कि.मी. पूर्व र बाह्रविसे बजारबाट २ कि.मी. दक्षिण पूर्वमा रहेको छ । यसको क्षेत्रफल ९४.२९ वर्ग कि.मी. अथवा नेपालको भू–भागको ०.०६४ प्रतिशत रहेको छ । यस गाउँपालिकाको पूर्वमा कालिञ्चोक गाउँपालिका, पश्चिममा सुनकोशी गाउँपालिका र बलेफी गाउँपालिका, उत्तरमा बाह्रविसे नगरपालिका र दक्षिणमा लिसङ्खुपाखर गाउँपालिका र भीमेश्वर नगरपालिका रहेका छन् ।




### ऐतिहासिक चिनारी तथा नामाकरण

यस गाउँपालिकाको नामाकारण वडा नं. ५ तौथलीमा प्रसिद्ध मन्दिर त्रिपुरासुन्दरी रहेकोले उसैको नाममा त्रिपुरासुन्दरी गाउँपालिका नाम राखिएको हो । त्रिपुरासुन्दरी मन्दिरको स्थापना एक हजार बर्ष अघि लिच्छवि कालमा भएको विश्वास गरिन्छ । तौथलीमा जितेस नामका एक व्यक्ति आएर बसेका थिए ।

तौथलीको खागल डाँडामा त्रिपुरासुन्दरी माईको पूजा गरिन्थ्यो । तौथलीको पहिला नाम हाजिपुर थियो । त्रिपुरासुन्दरी माईको मन्दिरको फोटो

त्रिपुरासुन्दरी माई एकै ठाउँ नबसी पुजारीलाई झुक्याउनको लागि कहिले काहीं खागल डाँडामा नबसी यता उता पनि भाग्ने गरेको र त्यहाँको पुजारीले हाल मन्दिर रहेको स्थानमा मन्दिर निर्माण गरी त्यहाँ पूजा गर्ने गरेको थियो । मन्दिर निर्माण पश्चात त्रिपुरासुन्दरी माईको बासस्थान एउटै भएको विश्वास गरिन्छ । त्रिपुरासुन्दरीको लिखित इतिहास भने छैन । त्रिपुरासुन्दरी माईलाई दशैंको बेला कालरात्रीमा मानिसको बलि दिने प्रचलन थियो । विस्तारै त्रिपुरासुन्दरी माईले ३२ लक्षण युक्त मानिसको बलि चढाउन पुजारीलाई आग्रह गरेपछि ३२ लक्षण भएको मानिस नभेटे पछि त्रिपुरासुन्दरी माईले पुजारीकै छोराको बलि मागेपछि पुजारी उक्त कुरामा असहमत भएको कारण त्यस पछि बोकाको बलि दिने प्रथा चलनमा आएको भन्ने किम्बदन्ती पाईन्छ ।

## राजनीतिक अवस्थिति

स्थानीय निकाय स्थानीय तहमा रूपान्तरण भए लगतै साविकका घोर्थली गा.वि.स.को वडा नं. ५ देखि ९ सम्मका वडाहरू, चाकटी गा.वि.स., धुस्कुन गा.वि.स., पिस्कर गा.वि.स., तौथली गा.वि.स. र टेकानपुर गा.वि.स. लाई मिसाएर त्रिपुरासुन्दरी गाउँपालिकाको कार्य क्षेत्र बनाइयो । त्रिपुरासुन्दरी गाउँपालिकाको समुद्घाटन २०७३।१२।२ गते भएको हो । हाल गाउँपालिका र ६ वटै वडा कार्यालयहरूमा जनप्रतिनिधिहरूले नेतृत्व गरिरहेका छन् ।

## क्षेत्रफलको विवरण

यस गाउँपालिकाको कुल क्षेत्रफल ९४.२९ वर्ग कि.मी. रहेकोमा सबैभन्दा बढी क्षेत्रफल वडा नं. २ (२७.५%) र सबैभन्दा कम क्षेत्रफल वडा नं. ६ (४.८४%) को रहेको छ । यसैगरी वडा नं. ५, १, ३ र ४ को क्षेत्रफल भने क्रमशः १९.२%, १८%, १७% र १३.३% रहेको छ ।

## धरातलीय अवस्था

यस गाउँपालिकाको अधिकतम उचाइ घोर्थलीको पहाड तोमागेको उच्च भाग ३७०७.६६ मी. र सबैभन्दा होचो स्थान वडा नं. ३ धुस्कुनको सुनकोशीको बगर ७६४.७६ मी. उचाइमा रहेको छ । यस गाउँपालिकाका वडा नं. ३, ४, ५ र ६ का अधिकांश भू-भाग पहाडी भेगमा पर्दछ भने वडा नं. १ र २ मध्य हिमाली भेगमा पर्दछ ।

## प्राकृतिक सम्पदा

यस गाउँपालिकाको धेरै भू - भाग वन जंगलले ढाकेको छ  वडा नं. २ चोकटी र वडा नं. ४ पिस्करमा प्रशस्त खानेपानीका मुहानहरू रहेका छन् । यो गाउँपालिका सुनकोशी नदीको जलप्रवाह क्षेत्रसँग आवद्ध छ । यस क्षेत्रमा बग्ने प्रमुख नदीहरू सुनकोशी, हाडी खोला, घट्टेखोला, तौथली खोला, दावी खोला आदि हुन् ।

## साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा मुख्यतः हिन्दु तथा बौद्ध धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाईन्छ । केही समय यता यस गाउँपालिकाका थारै जनसंख्याले ईसाई धर्म मान्न थालेको देखिन्छ । यसै गरी यस गाउँपालिकामा विभिन्न जातजातीहरू जस्तै ब्राह्मण, क्षेत्री, थामी, पहरी, नेवार, तामाङ्ग, शेर्पा, जिरेल, भूजेल, विश्वकर्मा, नेपाली, गुरूङ, मगर, घर्ती, घले आदिको सौहार्दपूर्ण समिश्रण रहेको पाईन्छ । यस गाउँपालिकामा मुख्य गरी दशैं, तिहार, हरिबोधनी एकादशी, शिवरात्री, तीज, धान्यपूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, क्रिसमस, भुमे, ल्होसार, चैंते दशैं, आमा खुवाउने औंशी, उभौली आदि जस्ता मुख्य चाडपर्वहरू मनाइन्छ भने लिङ्गो जात्रा, रोपाई जात्रा, दही जात्रा, खड्ग जात्रा जस्ता महत्वपुर्ण जात्राहरू पनि मनाउने गरिन्छ ।

## २. गाउँपालिकाको काम, कर्तव्य र अधिकार

- नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन गर्ने
- एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी गर्ने
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर निर्धारण, सङ्कलन र व्यवस्थापन गर्ने
- स्थानीय सेवाको व्यवस्थापन नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, जनशक्ति व्यवस्थापन र वृत्ति विकास
- स्थानीय तथ्याङ्क र हभिलेख संकलन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- स्थानिय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा कार्यान्वयन र नियमन
- आधारभूत र माध्यामिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन
- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानून, मापदण्ड योजना  तर्जुमा, कार्यान्वयन र नियमन
- स्थानिय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड योजना  तर्जुमा, कार्यान्वयन र नियमन
- स्थानिय सडक, ग्रमीण सडक, कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन अनुगमन र नियमन
- गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी नीति, कानून र कार्यविधि, रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरु गठन तथा सञ्चालन
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड योजना निर्माण, कार्यान्वयन अनुगमन रनियमन
- स्थानिय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी, दाखिला खारेज, भूमि वर्गीकरण अनुसारको लागत, समन्वय सहजीकरण तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी कार्य गर्ने
- ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने
- बेरोजगारको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने
- कृषि प्रसारको व्यवथापन,  सञ्चालन, अनुगमन र नियमन
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड योजना निर्माण, कार्यान्वयन अनुगमन र नियमन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड योजना कार्यान्वयन र नियमन
- भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी नीति, कानून, मापदण्ड योजना कार्यान्वयन र नियमन

## ३. गाउँपालिका र वडाहरुमा कार्यरत कर्मचारीहरुको विवरण

### त्रिपुरासुन्दरी गाउँपालिका भित्र कार्यरत स्थायी कर्मचारीहरुको विवरण

| क्र.स | नाम,थर | पद | कार्यालयको नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | लक्ष्मण कुईकेल | प्रमुख प्रशासकीय अधिकृत | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४१३५४४५४ |
| २ | राम प्रसाद आचार्य | लेखा अधिकृत | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४३१५८८०३ |
| ३ | इश्वर प्रसाद पौडेल | योजना अधिकृत | त्रिपुरासुन्दरी गाउँपालिका | ९८५१२७४०५५ |
| ३ | शलिकराम घिमिरे | शिक्षा अधिकृत | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४१४२९७३२ |
| ४ | प्रकाश पन्थी | आ.ले.प. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६४८३५१७६ |
| ५ | राजु सुवेदी | सहायक लेखापाल | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४१९३११०३ |
| ६ | रमेश न्यौपाने | सहायक प्रशासन | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४१००११०१ |
| ७ | मिना भण्डारी | सहायक प्रशासन | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६७२२८२०६ |
| ८ | सन्ध्या पाण्डे | महिला तथा बालबालिका | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४४५०११४५ |
| ९ | सिताराम तिमल्सिना | खा.पा.स.टे. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४९७९२५७७ |
| १० | सञ्जय दाहाल | वडा सचिव | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. २ | ९८६९६६७५६० |
| ११ | सरोज कुमार शाह | अ.स.ई. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. २ | ९८०७३४०४२० |
| १२ | युकेश श्रेष्ठ | अ.स.ई. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ३ | ९८४००११३१८ |
| १३ | अञ्जना बुढाथोकी | अ.स.ई. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ५ | ९८५११६२४८७ |
| १४ | चन्द्र नारायण साह | स्वास्थ्य संयोजक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८५११९१५३५ |
| १५ | अमनराज परियार | जनस्वास्थ्य निरीक्षक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४५२७६३५१ |

### त्रिपुरासुन्दरी गाउँपालिका भित्र कार्यरत करार कर्मचारीहरुको विवरण

| क्र.स | नाम,थर | पद | कार्यालयको नाम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुनिल श्रेष्ठ | इन्जिनियर | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४९३९४४२६ | |
| २ | दिपक बजागाई | स. इन्जिनियर | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६०६७४७९७ | |
| ३ | प्रतिमा पौडेल | प्रा.स. शिक्षा | त्रिपुरासुन्दरी गाउँपालिका | ९८५१२४२६६२ | |
| ४ | केशव पराजुली | खा.पा. स.टे. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४९१३१७७८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | पदम बहादुर शाही | ना.प्रा.स. कृषि | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४८२८३०२४ | |
| ६ | राहुल ढुंगाना | ना.प्रा.स. कृषि | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६१८४२३५८ | |
| ७ | खड्ग बहादुर श्रेष्ठ | ना.प्रा. स्वा. प्रा. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६०५२६७०३ | |
| ८ | जनक बस्नेत | ना.प्रा. स्वा. प्रा. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६०४६४६४३ | |
| ९ | भगवती तिमल्सिना | काननी सहजकर्ता | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४०५४९७३६ | |
| १० | मानवीर थामी | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४३१६७४९१ | |
| ११ | जमुना खड्का | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४४४३९९०२ | |
| १२ | रमेश खड्का | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६०५१७०३५ | |
| १३ | जाल बहादुर थामी | प्र. तथा ले. स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. १ | ९८४३४२९७५३ | |
| १४ | राजेन्द्र खत्री | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. १ | | |
| १५ | लाल बहादुर थामी | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. २ | | |
| १६ | सरिता पहरी | प्र. तथा ले. स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ३ | ९८४३०९२९२३ | |
| १७ | नारायण बहादुर कार्की | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ३ | ९८४३३४३३२० | |
| १९ | पदम बहादुर खड्का | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ४ | ९८६१५५५४२१ | |
| २० | झप्प माया श्रेष्ठ | प्र. तथा ले. स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ५ | ९८६१८५८५७३ | |
| २१ | सोफिया श्रेष्ठ | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ५ | | |
| २२ | विशाल बोहरा | प्र. तथा ले. स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ६ | ९८४३६४३०५४ | |
| २३ | याम कुमारी खड्का | का.स. | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ६ | ९८४०८१२४९३ | |
| २४ | सुब्बा पौडेल | हल्का सवारी चालक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४१९५६८७९ | |
| २५ | सहदेव खड्का | हलुका सवारी चालक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६९४९६७४४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | रेशम चालिसे | रोजगार स. इ. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६७९८२७०० | |
| २७ | दिनेश थामी | रोजगार संयोजक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६१८६७७२० | |
| २८ | लक्ष्मी ल्वागुन | उधम वि. सहजकर्ता | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६८६२९७७० | |
| २९ | रोजिना वि.क. | उधम वि. स. | त्रिपुरासुन्दरी गाउँपालिका | | |
| ३० | मान कुमारी श्रेष्ठ | एम आ. एस अ. | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४११३९८३३ | |
| ३१ | बाल कुमारी नगरकोटी | फिल्ड सहायक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६१०१४६२३ | |
| ३२ | सुशान्त श्रेष्ठ | इन्जिनियर | त्रिपुरासुन्दरी गाउँपालिका | ९८६०२४६३४३ | |
| ३३ | माधव अधिकारी | सुचना अधिकृत | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४३१९२७९२ | |
| ३४. | दावा छिरिङ तामाङ | कम्प्युटर अपरेटर | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४००८८८१३ | |
| ३५. | हरिचन्द्र बस्नेत | पोषण स्वयंसेवक | त्रिपुरासुन्दरी गाउँपालिका | ९८५१२३८१७५ | |
| ३६. | सुब्बा बस्नेत | स्वकिय सचिव | त्रिपुरासुन्दरी गाउँपालिका | ९८४६७३०३६९ | |

## ४. गाउँपालिकामा रहने विषयगत शाखाहरुको विवरण

### क. प्रशासन शाखा

- गाउँपालिकाको संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति, व्यवस्थापन र वृत्ति विकास गर्ने,
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा,
- गाउँपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोवस्तीको सामान व्यवस्थापन
- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन, निर्णयहरुको विधुतीय माध्यमबाट अभिलेखिकरण तथा प्रकाशन एवं सुरक्षण
- स्थानिय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन

### ख. योजना शाखा

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति कानुन, मापदण्ड, योजना र नियमन
- आर्थिक, सामाजिक, सास्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन
- विकास निर्माण प्रकृयामा स्थानिय जनसहभागिता अभिवृद्धिका कार्यहरु तर्जुमा र कार्यान्वयन
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफको समिक्षा सम्बन्धी
- तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

### ग. स्वास्थ्य तथा सामाजिक विकास

- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति कानुन मापदण्ड योजनाको निर्माण कार्यान्वयन तथा नियमन
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण, योजना र कार्यान्वयन
- महिला, वालवालिकाको हकहित संरक्षण सम्बन्धी नीति, कानुन, मापदण्ड योजना, कार्यान्वयन र नियमन
- निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहर्काय
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति कानुन, मापदण्ड नियमन र अनुसन्धान सम्बन्धी कार्य
- आधुनिक प्रविधि मार्फत व्यत्तिगत घटना दर्ता

- भाषा, संस्कृति, जात्रा पर्व र ललितकलाको संरक्षण प्रवद्रन र विकास

## घ. शिक्षा, युवा तथा खेलकुद शाखा

- प्रारम्भिक बालशिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा गुरुकुल, मदरसा, गुम्बा निरन्तर सिकाई तथा विशेष शिक्षा सम्बन्धी नीति कानुन, मापदण्ड,योजनाको निर्माण, कार्यान्वयन र नियमन
- विदलयको नक्साङ्कन, अनुमति, स्वीकृति,समायोजन तथा नियमन
- स्थानिय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्ध सञ्चालन तथा व्यवस्थापन
- खेलकुदको विकास र प्रर्वद्धन सम्बन्धी कार्य

## ङ. आर्थिक प्रशासन शाखा

- राजस्व सम्बन्धी नीति, कानुन तर्जूमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य
- सार्वजनिक खर्च तथा प्राकृतिक श्रोतबाट प्रप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्डतथा नियमन र सो को संकलन तथा बाँडफाड
- कानुन बमोजिन ढुगां, गिटी, वालुवा, माटो, नुन, स्लेट जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण उत्खनन र सो सम्बन्धी रोयल्टी संकलन
- राजस्वको सम्भाव्यता अध्ययन
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- लेखा व्यवस्थापन, खर्च, राजस्व, धरौटी कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोष तथा सम्पतिको विवरण
- राजस्व र व्ययको अनुमान

## च. कृषि तथा पशु विकास शाखा

- कृषि, कृषि प्रचार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सुचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि समाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- पशुपालन र पशुस्वास्थ्य सम्बन्धी स्थानीय नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

छ. पूर्वाधार विकास तथा भवन नियमन शाखा

- सडक तथा यातायात व्यवस्था उपशाखा
- भवन तथा भवन संहिता एवं निर्माण इजाजत उपशाखा
- जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पूर्जा भू-उपयोग तथा वस्ती विकास उपशाखा
- वातावरण, पर्यावरण एवं जलधारक्षेत्र संरक्षण तथा फोहरमैला व्यवस्थापन उपशाखा
- विपद व्यवस्थापन (बरुणयन्त्र, एम्बुलेन्स तथा यन्त्र उपकरण परिचालन समेत)
- सार्वजनिक निजी साझेदारी इकाई

ज. रोजगार

झ. महिला तथा वालवालिका शाखा

ञ. लघु उद्यम विकास शाखा

ट. राष्यि परिचयपत्र तथा पञ्जिकरण विभाग

## ५. केहि सेवा प्राप्त गर्न लाग्ने दस्तुर

| क.सं. | सेवाको प्रकृती | आवश्यक कागजातहरु | व्यवसायको प्रकृती | वर्षिक लाग्ने दस्तुर | |
|---|---|---|---|---|---|
| | | | | खुद्रा | थोक |
| १ | व्यवसाय दर्ता | १. वडा कार्यालयको सिफारिस पत्र ।<br>२. व्यवसायीको निवेदन ।<br>३. व्यवसाय रहने स्थानको जग्गा धनी पूर्जा ।<br>४. व्यवसाय रहने स्थानको वडा कार्यालयबाट चार किल्ला प्रमाणित मुचुल्का ।<br>५. भाडाको जग्गा वा भवनको हकमा भाडा सम्झौता पत्र ।<br>६. व्यवसायीको नागरिकता प्रमाणपत्र प्रतिलिपि ।<br>७. पासपोर्ट साइजको फोटो १ प्रति ।<br>८. वार्षिक उत्पादन, उत्पादन क्षमता र लगानी रकम खुल्ने कागजात । | १.चुरोट रक्सी व्यवसाय | २०००। | ५०००। |
| | | | २. निमार्ण सामाग्री,विधुतिय व्यवसाय | १०००। | ५०००। |
| | | | ३.दैनिक उपभोग्य वस्तु व्यवसाय<br>क ) खाद्यान्न तथा किराणा  थोक पसल क श्रेणी )<br>ख ) खाद्यान्न तथा किराणा खुद्रा पसल ख श्रेणी )<br>ग )खाद्यान्न तथा किराणा खुद्रा पसल ग श्रेणी ) | <br><br><br>१५००।<br><br>१०००। | <br>२०००। |
| | | | ४ )सवारी साधन विक्रेता<br>क ) मोटरसाइकल ,टेम्पो,साइकल<br>ख ) हेभी इक्वपमेन्ट,वस,ट्रक,ट्याक्टर | ३०००।<br><br><br>६०००। | |
| | | | ५.निर्माण व्यवसाय<br>क श्रेणी<br>ख श्रेणी<br>ग श्रेणी<br>घ श्रेणी | <br>६०००।<br>४०००।<br>३०००।<br>२०००। | |
| | | | ६. उत्पादन मुलक उद्योग | ४०००। | |
| | | | ७.उर्जा मुलक उद्योग | ४०००। | |
| | | | ८.पर्यटन उद्योग<br>क ) होटल चिया,नास्ता,मिठाई<br>ख ) होटल खाना<br>ग ) लज गेष्ट हाउस<br>घ ) होटल एण्ड लज | २०००।<br><br>२५००।<br>३०००।<br>४०००। | |
| | | | ९.पोल्ट्री तथा पशु फर्म | १०००। | |
| | | | १०.पशु औषधी पसल एग्रोभेट | १५००। | |
| | | | ११.सहकारी बैंक | ४०००। | |
| | | | १२.मनी ट्रान्सफर सेवा | ३०००। | |
| | | | १३.फर्निचर उद्योग (निर्माण खरिद तथा विक्रि | ४०००। | |

| | | | | |
|---|---|---|---|---|
| २ | संस्था दर्ता | १. संस्थाको विधान ।<br>२. संस्थाको निवेदन ।<br>३. वडा कार्यालयको सिफारिस ।<br>४. संस्थाको छाप ।<br>५. कार्य समिति सबैको नागरिकता प्रतिलिपि । | | संस्था दर्ता --१०००।<br>**PAN** सिफारिस -३००। |
| ३ | "घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र | १.आर्थिक क्षमताः<br>प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैंयाको चालू पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।<br>२. मुख्य जनशक्ति विवरण :<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उतीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उतीर्ण एक जना प्रशासनिक र वानिज्य शास्त्र वा अर्थशास्त्रमा प्रमाणपत्र तह उतीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्ने छ ।<br>३. मेशीन र उपकरण :<br>(क) ट्रिपर/ट्याक्टर एक/एक थान<br>(ख) मिक्सर एक थान<br>(ग) **Theodolite/Level Machine** (एक थान)<br>(घ) वाटर पम्प तीन थान<br>(ङ) भाइब्रेटर तीन थान | | सेवाको प्रकृती अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | | ४. निमार्ण व्यवसायको प्रवन्धपत्र दुई प्रति ।<br>५. वडा कार्यालयको सिफारिस ।<br>६. व्यवसायीकोको नागरिकता प्रतिलिपि । | | |

## ६. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- आन्तरिक प्रशासनिक र अन्य विषयको निर्णय सम्बन्धित शाखाबाट पेश हुने र टिप्पणीमा प्रमुख प्रशासकिय अधिकृतको निर्णय हुन्छ।
- गाउँपालिकाले सम्पादन गर्ने अन्य कार्यहरु स्थानिय सरकार सञ्चालन ऐन, निर्देशिका, कार्यविधि परिपत्र सम्बन्धि कानुनमा तोकिए बमोजिम हुने गर्दछ।
- न्यायिक सम्वन्धि उजुरी तथा गुनासाहरु न्यायिक समितिमा दर्ता भई निवेदकलाई निस्सा पत्र दिइन्छ। मिति तोकी छलफलको लागी पत्र काटिन्छ।
- समाधान हुन नसकेका उजुरी भएको खण्डमा प्रहरीचौकी लगायत अदालत सम्म पुर्याईन्छ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- नियमित सेवा प्रवाह र आन्तरिक प्रशासनिक विषयको निर्णयमा चित्त नबुझे सोको सुनुवाई प्रमुख प्रशासकिय अधिकृतबाट हुने ।
- गुनासोको प्रकृती अनुसार सुचना अधिकारी, गुनासो सुनुवाई अधिकारी गाउँपालिका अध्यक्ष वा न्यायिक समितिबाट हुने ।

## ८. सम्पादन गरेको कामको विवरण

यस कार्यालयबाट चालु आ.व मा सञ्चालन गरिएका कार्यक्रमहरुको विवरण यस प्रकार रहेको छ।

### क. प्रशासन शाखा

- स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन सम्बन्धी अभिमुखिकरण कार्यक्रम
- स्थानिय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन सम्बन्धी अभिमुखिकरण कार्यक्रम

### ख. योजना शाखा

- वार्षिक योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मुल्याङ्कन
- वडास्तरिय योजना सम्झौता
- योजना अनुगमन गरी फरफारकको लागि गाउँकार्यपालिकामा पेश,

### ग. स्वास्थ्य तथा सामाजिक विकास

- स्वास्थ्य ईकाइसँग समन्वय गरि स्वास्थ्य संस्थाको अनुगमन
- गाउँघर क्लिनिक, खोप क्लिनिक, स्वास्थ्य शिविर सञ्चालन

### घ. शिक्षा, युवा तथा खेलकुद शाखा

- छोरी शिक्षा कार्यक्रम
- बिद्यालय ब्यवस्थापन

### ङ.महिला तथा वालवालिका शाखा

- बाल बिवाह सम्बन्धी अर्न्तरक्रिया कार्यक्रम
- अन्तराष्ट्रिय नारी दिवस अर्न्तरक्रिया कार्यक्रम

### च.लघु उद्यम विकास शाखा

- उद्यमशिलता विकास तालिम संचालन
- मागमा आधारित सिप तालिम संचालन
- पुर्नताजगी सिप तालिम संचालन

- सहभागितामुलक ग्रामिण लेखाजोखा
- घरधुरी सर्वेक्षण
- लघु उद्यमी समुह गठन्

## छ.राष्यि परिचयपत्र तथा पञ्जिकरण विभाग

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखिकरण कार्यक्रम
- व्यक्तिगत घटना दर्ता सप्ताह

## ज. पशु विकास शाखा

- पाडा पाडी भत्ता कार्यक्रम

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पद

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्वबर | ईमेल |
|---|---|---|---|---|
| १ | लक्ष्मण कुईकेल | प्रमुख प्रशासकीय अधिकृत | ९८४१३५४४५४ | **lkuikel4454@gmail.com** |
| २ | इश्वर प्रसाद पौडेल | सूचना अधिकारी | ९८५१२७४०५५ | **ishorp042@gmail.com** |

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

| क.स | विवरण | आर्थिक वर्ष | प्रमाणिकरण मिति | प्रकाशन मिति |
|---|---|---|---|---|
| १ | अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि सम्बधमा व्यवस्थ गर्न बनेको विधेयक, | ७६।७७ | २०७६/०३/२५ | २०७६/०३/२५ |
| २ | सम्पति कर व्यवस्थापन कार्यविधि, २०७६ | ७६।७७ | २०७६/१०/१० | २०७६/१०/१० |
| ३ | त्रिपुरासुन्दरी गाउँपालिकाको विनियोजन ऐन, २०७७ | ७७।७८ | २०७७/०३/२५ | २०७७/०३/२५ |
| ४ | त्रिपुरासुन्दरी गाउँपालिका प्रशासनिक खर्च (नियन्त्रण) निर्देशिका, २०७७ | ७७।७८ | २०७७/१०/२० | २०७७/१०/२० |
| ५ | त्रिपुरासुन्दरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि (प्रथम संशोधन) २०७८ | ७८।७९ | २०७८/०७/११ | २०७८/०७/११ |
| ६ | त्रिपुरासुन्दरी गाउँपालिकाको कृषिसँग सम्बन्धित सहकारी, संघ संस्था, कृषि समुह तथा कृषकहरुलाई कृषि विकासका लागि प्रदान गरिने अनुदान वितरण गर्ने निर्देशिका, २०७६ | ७६।७७ | २०७६/०३/२५ | २०७६/०३/२५ |
| ७ | त्रिपुरासुन्दरी गाउँपालिकाको अनुगमन तथा मुल्याकंन सम्बन्धि कार्यविधि, २०७७ | ७७।७८ | २०७७/१०/२० | २०७७/१०/२० |
| ८ | त्रिपुरासुन्दरी गाउँपालिकाको अनुदान आर्थिक सहायता वितरण सम्बन्धि निर्देशिका (प्रथम संशोधन) २०७८ | ७८।७९ | २०७८/०७/११ | २०७८/०७/११ |
| ९ | आर्थिक ऐन २०७७।०७८ | ७७।७८ | २०७७/०३/२५ | २०७७/०३/२५ |
| १० | स्थानीय सरकार संचालन ऐन, २०७४ | ७७।७८ | | |
| ११ | त्रिपुरासुन्दरी गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वद्धन नीति | ७४।७५ | | |
| १२ | त्रिपुरासुन्दरी गाउँपालिकाको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि | ७४।७५ | | |
| १३ | त्रिपुरासुन्दरी गाउँपालिकामा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन विधेयक | ७४।७५ | | |
| १४ | त्रिपुरासुन्दरी गाउँपालिकामा एफ.एम.रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि | ७४।७५ | | |
| १५ | त्रिपुरासुन्दरी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धि विधेयक | ७४।७५ | | |
| १६ | त्रिपुरासुन्दरी गाउँपालिकाका (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि , २०७५ | ७४।७५ | २०७५/०५/०६ | २०७५/०५/०६ |
| १७ | त्रिपुरासुन्दरी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि , २०७५ | ७४।७५ | २०७५/०५/०६ | २०७५/०५/०६ |

| | | | | |
|---|---|---|---|---|
| १८ | त्रिपुरासुन्दरी गाउँपालिकाको बैठक सम्बन्धि कार्यविधि , २०७४ | ७४।७५ | | |
| १९ | त्रिपुरासुन्दरी गाउँपालिका कार्यसम्पादन नियमावली २०७४ | ७४।७५ | | |
| २० | त्रिपुरासुन्दरी गाउँपालिका कार्य विभाजन नियमावली २०७४ | ७४।७५ | | |
| २१ | न्यायिक समिति ऐन | ७४।७५ | | |
| २२ | शिक्षा ऐन | ७४।७५ | | |
| २३ | स्थानिय तह सहकारी ऐन | ७४।७५ | २०७४/१०/१९ | २०७५/०३/१३ |
| २४ | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५ | ७४।७५ | | |
| २५ | स्थानिय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ | ७४।७५ | | |
| २६ | स्थानिय उर्जा विकास सम्बन्धि निर्देशिका २०७५ | ७४।७५ | २०७५/०५/०६ | २०७५/०५/०६ |
| २७ | एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५ | ७४।७५ | २०७५/०५/०६ | २०७५/०५/०६ |
| २८ | नक्सा पास कार्यबिधी | ७४।७५ | २०७५/०५/११ | २०७५/०५/११ |
| २९ | त्रिपुरासुन्दरी गाउँपालिकाको विनियोजन ऐन, २०७५ | ७४।७५ | | |
| ३० | त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन २०७५ | ७४।७५ | | |
| ३१ | त्रिपुरासुन्दरी गाउँपालिका ज्येष्ठ नागरिक पत्र बितरण निर्देशिका, २०७५ | ७४।७५ | २०७५/०१/३१ | २०७५/०३/१८ |
| ३२ | त्रिपुरासुन्दरी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन ,२०७५ | ७४।७५ | २०७५/०३/१८ | २०७५/०३/१८ |
| ३३ | त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७५ | ७४।७५ | २०७५/०३/१८ | २०७५/०३/१८ |

## ११. चालु आ.व.मा यस गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रम/आयोजना सँग सम्बन्धित गतिविधि

| वडा नं. | सम्झौता भएका योजना | सम्झौता हुन बाँकी योजना | सम्पन्न भएका योजना | जम्मा योजना |
|---|---|---|---|---|
| १ | १९ | २ | ३ | २४ |
| २ | ३४ | २१ | १५ | ७० |
| ३ | ४३ | १६ | १९ | ७८ |
| ४ | ३० | १६ | १९ | ६५ |
| ५ | ४३ | २५ | ३७ | १०५ |
| ६ | २० | ७ | ७ | ३४ |

## १२. सार्वजनिक निकायको Website

यस कार्यालयको आफ्नै वेबसाइट र इमेल रहेको छ । **www.tripurasundarimunsindhupalchowk.gov.np** मा गएर कार्यालयको सुचनाहरु र महत्वपुण जानकारीहरु हेर्नका साथै डाउनलोड गर्न सकिन्छ । कार्यालयको इमेल ठेगाना **tripurasundarisipa@gmail.com** मा पत्र तथा जानकारीहरु पठाउन सकिन्छ ।

## १३. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

प्राप्त नभएको

## १४. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

यस कार्यालयबाट चालु आ.व मा सञ्चालन गरिएका कार्यक्रमहरुको विवरण यस प्रकार रहेको छ ।

## १६. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरको सूचनाको नामावली

सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरको सूचनाको नामावली दुई किसिमले प्रकाशन गर्ने गरको छ ।

- स्वत प्रकाशन गर्ने
- सुचना माग भएपछि प्रदान गर्ने

## १७. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

- योजना सम्बन्धि गुनासो
- सेवा प्रवाह सम्बन्धि गुनासो
- मौखिक सूचना माग

| क्र.स | मौखिक माग गरिएको सूचना | दिईएको/नदिईएको | कारण |
|---|---|---|---|
| १ | कार्यालयका दैनिक प्रशासनिक, आर्थिक, प्राविधिक सहितको गतिविधिहरु | नदिईएको | व्यक्ति स्वयं उपस्थित नभएकोले साथै माग गरिएको सूचनामा पाँच आ.व.को विवरण समावेश गर्नुपर्ने भएकोले लामो समय देखीको विवरण धेरै हुनाले संकलन गरी ईमेल गर्न असमर्थ भएको |

## १८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको  वा हुनेभए सोको विवरण

- स्थानिय दैनिक पत्रिकाहरु
- स्मारिका पुस्तीका, २०७८
- वेवसाईट
- सुचना पाटी
- नागरिक वडापत्र
- फेसबुक
- ईमेल, मोबाईल एस.एम.एस